श्री ५ को सरकार

# अर्थ मन्त्रालयको

## सूचना

राष्ट्रऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राष्ट्रऋण नियमहरू, २०२० को नियम ४ को उप-नियम (१) बमोजिम राष्ट्रऋण उठाउन ऋणपत्र निष्काशित गरेको छ ।

सो ऋणपत्रको जम्मा मूल्य, भुक्तानी अवधि, व्याजको दर, व्याज भुक्तानी समय र अन्य शर्तहरू निम्नबमोजिम खुलाइएको छ ।

१) ऋणको नाम: यस ऋणको नाम "विकास ऋण २०४२" रहेको छ ।

२) ऋणको उद्देश्य: विभिन्न विकास योजनाहरूलाई चाहिने खर्च पूर्ति गर्नको लागि यो ऋण उठाइएको छ ।

३) निष्काशित ऋणको रकम: यो ऋणको जम्मा रकम रू. १०,००,०००००।– (रू. दश करोड मात्र ) को हुनेछ ।

४) ऋणको व्ययभार: यो ऋणको व्ययभार श्री ५ को सरकारको संचित कोषप्रति हुनेछ ।

५) ऋणपत्रको प्रकार: यो ऋणको ऋणपत्र कम्तिमा रू. २५।– वा २५।– को Multiple ले भाग गर्दा निःशेष हुने अंकको स्टक वा २५।–, ५०।–, १००।–, १,०००।–, १०,०००।– वा १,००,०००।– दरको प्रमिसरी नोटको रूपमा लिन पाइनेछ ।

६) ऋणपत्र बिक्री अवधि: यो ऋणपत्रहरूको बिक्री अवधि २०३४ साल आषाढ ५ गतेदेखि ऐ. १५ गतेसम्मको हुनेछ तर आवश्यक देखिएमा सो समय अगावै पनि बिक्री बन्द गर्न सकिनेछ ।

७) ऋणपत्रको बिक्री मूल्य: ऋणपत्रमा उल्लेख गरेबमोजिम पूरापूर मूल्यमा ऋणपत्रहरू बिक्री हुनेछ ।

८) ऋणपत्र खरीद गर्न दरखास्त दिनुपर्ने:

(१) ऋणपत्र खरीद गर्नको लागि नेपाल राष्ट्र बैङ्कले तोकिदिएको ढाँचामा राष्ट्र बैङ्क वा त्यसको एजेण्टसरह भै काम गर्ने अन्य कार्यालयमा दरखास्त दिन सकिनेछ ।

(२) उप-दफा (१) बमोजिम दरखास्त दिंदा जतिको ऋणपत्र खरीद गर्न चाहेको छ। त्यसको पूरा रकम सो कार्यालयमा बुझाई त्यसको रसीद दरखास्त साथै पेश गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2C3

(३) दरखास्त फाराम निःशुल्क पाइनेछ।

९) बढी रकम स्वीकार गर्ने नगर्ने अधिकारः चाहिएको भन्दा बढी ऋण प्राप्त भएमा त्यसलाई स्वीकार गर्ने नगर्ने अधिकार श्री ५ को सरकारको हुनेछ।

१०) बाँडफाँड गर्ने अधिकारः प्राप्त ऋणपत्रहरूको बाँडफाँड गर्ने अधिकार राष्ट्र बैङ्क–लाई प्रदान गरिएको छ।

११) स्वीकृत नभएको ऋण फिर्ता हुनेः स्वीकृत नभएको रकम नेपाल राष्ट्र बैङ्कबाट यथाशीघ्र दरखास्तवालालाई फिर्ता दिइनेछ। यसरी फिर्ता भएको रकममा व्याज दिइने छैन।

१२) स्वीकृत ऋणको प्रमाणपत्र दिनेः स्वीकृत भएको ऋणको प्रमाणपत्र स्टक सर्टि–फिकेट वा प्रमिसरी नोटको रूपमा दरखास्तवालाको माग अनुसार दिइनेछ। दरखास्तवालाले सो कुरा उल्लेख नगरेमा ऋणपत्र स्टककै रूपमा दिइनेछ।

१३) ऋणको व्याजः ऋणको व्याज राष्ट्र बैङ्क वा सो बैङ्कका एजेन्ट सरह भै काम गर्ने अन्य कार्यालयले रकम बुझेर लिएको मितिदेखि नै वार्षिक सयकडा १० का दरले दिइनेछ।

१४) ऋणको साँवाको भुक्तानीः यो ऋणको साँवाको भुक्तानी २०४२ साल आषाढ १५ गतेपछि दिइनेछ।

१५) ऋणको भुक्तानी दिने ठाउँः यो ऋणको साँवा र व्याज दरखास्तवालाको सुविधा अनुसार राष्ट्र बैङ्क वा त्यसको एजेन्ट मार्फत भुक्तानी दिइनेछ।

१६) ऋणसम्बन्धी व्यवस्थाः यो ऋणको व्यवस्था र तत्सम्बन्धित सबै कारवाई नेपाल राष्ट्र बैङ्क राष्ट्रऋण विभागले गर्नेछ।

१७) ऋणपत्र खरीद गर्ने अधिकारः यस ऋणको ऋणपत्रहरू खरीद गर्ने अधिकार जुनसुकै व्यक्तिलाई पनि हुनेछ।

१८) कर नलाग्नेः यो ऋणबाट प्राप्त व्याजमा आयकर छुट दिइएको छ।

१९) ऋणसम्बन्धी कानूनी कारवाईः यो ऋणसम्बन्धी कानूनी कारवाई प्रचलित नेपाल कानूनबमोजिम हुनेछ।

आज्ञाले–

नरकान्त अधिकारी

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।